# सप्तरी जिल्ला अदालत

## दशिका सामानहरु लिलाम सम्बन्धी जरुरी सूचना

### दोश्रो पटक सूचना प्रकाशन मिति २०७६।११।१८

अनुसन्धान अधिकृत हितेश वस्नेत समेतको जाहेरीले वादी नेपाल सरकार प्रतिवादी शम्भुनाथ मिश्र समेत भएको राजस्व चुहावट (कपडा समेतका मालवस्तु) ०७५-C2-००१५ को मुद्दामा दशी स्वरुप दाखिला हुन आई यस अदालतमा जिन्सीमा आम्दानी बाँधिएका कपडा समेतका मालवस्तुहरु जे-जस्तो अवस्थामा छन सोहि अवस्थामा जिल्ला अदालत नियमावली, २०७५ को नियम ९२ (९) तथा आर्थिक कार्यविधि नियमावली, २०६४ समेत बमोजिम न्यनतम मूल्यमा नघटने गरी डाक बढाबढबाट एकमुस्ट लिलाम विक्री गरिने भएकोले यस अदालतको मिति २०७६।३।११ को आदेश र मिति २०७६।९।१६ को मुल्याँकन समितिको निर्णय अनुसार तपसिल बमोजिमका मालवस्तुहरु लिलामगर्नका लागी मिति २०७६।९।२२ गते पहिला पटक लिलामी सूचना प्रकाशित गरिएकोमा कोही कसैको दरखास्त पर्न नआएको हुँदा जिल्ला अदालत नियमावली, २०७५ को नियम ९२ (१०)वमोजिम पूनः यो सूचना प्रकाशित गरिएको छ मिति २०७६।१२।२ गते डाक लिलाम हुने भएकाले लिलाम सकार गर्न इच्छुक नेपाली नागरिक तथा फर्महरूवाट डाक बढाबढको लागि दोश्रो पटक सिलबन्दी बोलपत्र आव्हान गरिएको व्यहोरा सम्बन्धित सबैका जानकारीको लागि यो सुचना प्रकाशित गरिएको छ।

मालवस्तुको विवरण

| सि.नं. | मालवस्तुको नाम र विवरण | ईकाइ | मालवस्तुको परिमाण | प्रति ईकाइ मुल्य रु. | मुद्दा प्रयोजन कायम मुल्य | समितिबाट कायम मुल्य | कैफियत |
|---|---|---|---|---|---|---|---|
| १ | सुतिप्रिन्ट कपडा (कुर्ता सुरुवाल बनाउने) | मिटर | २५२ | ९५।- | २३९४०।- | २११८५।- | |
| २ | सल्वारसुट लेडिज | थान | ४ | ७५०।- | ३०००।- | २६५४।- | |
| ३ | टिसी तुल कपडा (दुपट्टा कपडा) | मिटर | १६ | ५५।- | ८८०।- | ७७८।- | |
| ४ | टिसी प्रिन्ट कपडा (ब्रोकरेट कपडा) विवाहचोलो किसिमको | मिटर | २९ | १५४।- | ४४६६।- | ३९५२।- | |
| ५ | टप्स (वान पिस इम्ब्रोइडरी) | थान | १०४ | २५०।- | २६०००।- | २३०००।- | |
| ६ | ड्रेसमेटेरियलनेट कपडा | मिटर | ५५ | ८२।- | ४५१०।- | ३९९०।- | |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| ~~६~~ | ~~ड्रेसमेटेरियलनेट कपडा~~ | ~~मिटर~~ | ~~५५~~ | ~~८२।-~~ | ~~४५१०।-~~ | ~~३९९०।-~~ | |
| ७ | सुतिरेयनप्लेन कपडा | मिटर | ४३२ | ८३।- | ३५८५६।- | ३१७३०।- | |
| ८ | टप्ससलवार सेट | सेट | ३५ | ७५०।- | २६२५०।- | २३२३०।- | |
| ९ | प्लाष्टिकखेलौना | केजी | ६१ | ७००।- | ४२७००।- | ३७७८०।- | |
| १० | नक्कलीगहना | केजी | १२ | ५०००।- | ६००००।- | ५३०९०।- | |
| ११ | नक्कलीगहना | केजी | २ | ५०००।- | १००००।- | ८८५०।- | |
| १२ | नक्कलीगहना | केजी | १३ | ५०००।- | ६५०००।- | ५७५२०।- | |
| १३ | आर्टिफियसियलफुलमाला | केजी | ६ | ५००।- | ३०००।- | २६५०।- | |
| १४ | कटनसाडी रेडवेरी | थान | ४ | ३५६।- | १४२४।- | १२६०।- | |
| १५ | सटिङ्ग | मिटर | ६९।८ | ४१०।- | २८६१८।- | २५३२५।- | |
| १६ | लठ्ठाथान कपडा | मिटर | ४ | ५६।- | २२४।- | १९०।- | |
| १७ | गम्छा | थान | २३७ | ६२।- | १४६९४।- | १३०००।- | |
| १८ | टिकनकपडा | मिटर | १६ | ६८।- | १०८८।- | ९५०।- | |
| १९ | सिन्थेटिकसाडी कडाइ सिल्क | थान | २६ | ७६०।- | १९७६०।- | १७४८०।- | |
| २० | प्रिन्टथान कपडा | मिटर | १३५ | ९५।- | १२८२५।- | ११३४०।- | |
| २१ | पपलिनकपडा | मिटर | १२० | ७४।- | ८८८०।- | ७८५०।- | |
| २२ | रुवियाकपडा | मिटर | ४३५ | ९१।- | ३९५८५।- | ३५०००।- | |
| २३ | डेस्त्रमेटेरियलनेट कपडा | मिटर | ६० | ८२।- | ४९२०।- | ४३००।- | |
| | न्यूनतम मूल्य जम्मा (१३% मूल्य अभिवृद्धि कर बाहेक) | | | | ४३७६२०।- | ३८७१०४।- | |

**शर्तहरु**

१. बोलपत्र खोलिने समय र स्थान २०७६ साल चैत्र २ गते दिउसो १.०० वजे देखि यस अदालतको तहसिल शाखामा बोलपत्रदाता र निजको प्रतिनिधिहरुको रोहबरमा बोलपत्रहरु खोलिनेछ। बोलपत्रदाता वा निजका प्रतिनिधिहरु उपस्थित नभए पनि बोलपत्र खोल्न कुनै बाधा पर्ने छैन ।

२. बोलपत्र खोल्ने दिन सार्वजनिक विदा पर्न गएमा विदाको भोलि पल्ट वा कार्यालय खुलेको दिन सोहि समय र स्थानमा हुनेछ ।

३. बोलपत्रमा दर रेट अंक र अक्षर दुवै स्पष्ट लेख्नुपर्नेछ । अंक र अक्षरमा लेखिएको फरक परेमा अक्षरमा लेखिएकोलाई मान्यता दिइनेछ ।

४. लिलाममा सहभागी हुन चाहने व्यक्ति वा व्यवसायीले सूचना प्रकाशित भएको मितिदेखि मिति २०७६।११।३० गते १.०० बजे सम्ममा नेपाली नागरिकताको प्रमाण पत्र फर्म भए कर चुक्ताको प्रमाण पत्र र नविकरण सहितको फर्म दर्ता प्रमाणको प्रतिलिपी सहित राखी निवेदन दस्तुर रु.१,०००/- फिर्ता नहुने गरी यस अदालतको आर्थिक प्रशासन शाखामा बुझाई निवेदन फाराम खरिद गर्न सकिनेछ ।

५. लिलाममा आफुले कबुल गरेको अंकको १० प्रतिशतले हुने रकम कोष तथा लेखा नियन्त्रक कार्यालय सप्तरीको रा.वा. बैंक राजबिराज शाखामा रहेको धरौटी खाता नं. २१८०२०३ मा जम्मा गरी सो को सक्कलै भौचर साथै राखी पेश गर्नु पर्नेछ । लिलाम सम्पन हुदाँ सब भन्दा बढी अंक कबोल गर्ने व्यक्ति वा व्यवसायी वाहेक अन्यको धरौटी रकम फिर्ता गरिनेछ।

६. खरिद गरिएका बोलपत्र फारामहरु मिति २०७६।११।३० गते दिनको ५.०० बजे सम्ममा बोलपत्रदाताको नाम र ठेगाना स्पष्ट खुलाई सिलबन्दी लाहाछाप गरी तहसिल शाखामा दर्ता गराई सक्नु पर्नेछ । सो समय नाघि निवेदन दर्ता गराउन ल्याउने व्यक्ति वा व्यवसायीको बोलपत्र दर्ता गरिने छैन ।

७. डाक सकार गरि लिनेले सात दिन भित्र बाँकी रकम र लिलाम सकार गरेको अंकको १३ प्रतिशत मुल्य अभिवृदि कर समेत दाखिला गरी १५ दिनभित्र जो जुन अवस्थामा छ सोही अवस्थामा मालवस्तुहरु उठाइ लैजानुपर्नेछ। सात दिन भित्र आफूले कबोल गरेको रकम दाखिला नगरेमा राखेको १० प्रतिशत रकम कानुन बमोजिम जफत गरिनेछ र पुनः डाक लिलामको सुचना प्रकाशित गरिनेछ ।

८. म्याद नाघी आएको, रित नपुगेको र शर्त राखिएको बोलपत्र उपर कुनै कारवाही गरिने छैन ।

९. एक व्यक्ति वा फर्मको नाममा खरिद गरिएको बोलपत्र अर्को व्यक्रि वा फर्मको नाममा दाखिल गर्न पाइने छैन ।

१०. बोलपत्र स्वीकृत गर्ने, नगर्ने सम्पुर्ण अधिकार यस अदालतमा सुरक्षित रहनेछ।

११. लिलाम हुने मालवस्तुहरु हेर्न चाहेमा वा यस सम्बन्धि थप कुरा बुझ्नुपरे कार्यालय समय भित्र यस अदालतको तहसिल शाखामा सम्पर्क गर्न सकिनेछ।